**28TH JULY** **-07-2025**

**आकाशवाणी गान्तोक**

**डुक्पा छे-जी**

आज डुक्पा छे-जी हो। यस अवसरमा मुख्यमन्त्री प्रेम सिंह तामाङले सम्पूर्ण सिक्किमवासीलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। यस अवसरमा उहाले भगवान बुद्धका शिक्षाले समाजमा एकता, शान्ति, सद्भाव अनि समृद्धिको मार्ग प्रशस्त गरोस् भन्ने कामना गर्नुभएको छ। मुख्यमन्त्रीले, "यो पर्वले भगवान बुद्धद्वारा ज्ञान प्राप्तिपछि विश्वलाई प्रदान गरिएको पहिलो उपदेश ,चार आर्य सत्यको सम्झना गराउने बताउनु भएको छ। उहाले आफ्नो संदेशमा यी शाश्वत सत्यहरूले हामीलाई सत्य, अहिंसा र करुणाको मार्गमा अगाडि बढ्न प्रेरणा दिउन् भन्ने कामना गर्नुभएको छ। मुख्यमन्त्रीले यस पर्वले व्यक्त गर्ने शुद्धता, बुद्धि र करुणाको भावना सम्पूर्ण समाजमा फैलियोस् र सिक्किमवासीबीच एकता तथा सद्भाव बलियो बनोस् भन्ने आशा व्यक्त गर्नुभएको छ ।

**लोकसभा सांसद डा. इन्द्र हाङ सुब्बा**

सिक्किमका लोकसभा सांसद डा. इन्द्र हाङ सुब्बाले राई, शेर्पा, तामाङ र गुरुङ भाषाहरूलाई केन्द्रिय माध्यमिक शिक्षा बोर्ड (cbse) अन्तर्गत कक्षा 11 र 12 मा वैकल्पिक दोस्रो भाषा विषयको रूपमा समावेश गर्न शिक्षा मन्त्रालयसँग औपचारिक माग गर्नुभयो। यस सन्दर्भमा डा. सुब्बाले केन्द्रिय शिक्षा मन्त्री धर्मेन्द्र प्रधान र राज्य मन्त्री डा. सुकान्त मजुमदारसँग व्यक्तिगत रूपमा भेट गरी उक्त प्रस्तावको शैक्षिक, भाषिक र सांस्कृतिक महत्वबारे ध्यानाकर्षण गरउनु भयो। चार प्रमुख जातीय संघ (अखिल किरात राई संघ, डेञ्जोङ शेर्पा एशोसिएसन, सिक्किम तामाङ बौद्ध संघ, र अखिल सिक्किम गुरुङ (तमु) बौद्ध संघ) द्वारा संयुक्त रूपमा पेश गरिएको मागपत्रलाई समर्थन गर्दै, सांसद सुब्बाले शिक्षा मन्त्रालयलाई 20 दिसम्बर 2024 मा पठाइएको पत्रको पुनर्विचार गर्न आग्रह गर्नुभयो ।

"यी भाषाहरू अघिदेखि नै-CBSE कक्षा 9 र 10 मा पढाइँदै आएका छन्। कक्षा 11 र 12 मा पनि निरन्तरता दिनु नै शैक्षिक र सांस्कृतिक दृष्टिले आवश्यक छ," सांसद सुब्बाले भन्नुभयो। उहाले राष्ट्रिय शिक्षा नीति (NEP) 2020 ले बहुभाषिकता र स्थानीय भाषाको संरक्षणलाई प्राथमिकता दिएको उल्लेख गर्दै, प्रस्ताव कार्यान्वयन गर्न कुनै थप स्रोत आवश्यक नपर्ने स्पष्ट पार्नुभएको छ। सांसद सुब्बाले शिक्षा मन्त्रालयलाई 2025-26 शैक्षिक सत्रदेखि मागअनुसारका विद्यालयहरूमा उक्त भाषाहरूलाई वैकल्पिक विषयको रूपमा लागू गर्न निर्देशन दिन तथा कार्यान्वयनको स्पष्ट समयसीमा सार्वजनिक गर्न आग्रह गर्नुभएको छ।

संविधानको धारा 29 अनुसार अल्पसंख्यक समुदायको भाषिक अधिकारको सम्मान गर्दै, उक्त प्रस्तावले समावेशी र समान शिक्षाको पक्षमा सरकारको प्रतिबद्धतालाई बल दिने सांसद सुब्बाको विश्वास छ।

**दिभ्य दृष्टि**

पूर्व सिक्किमको उच्च हिमाली क्षेत्रमा भारतीय सेनाले 'डिभ्य दृष्टि' नामक सैन्य अभ्यास सञ्चालन गर्‍यो। अभ्यासमा Artificial Intellenge, ड्रोन, UAV र आधुनिक सेन्सरहरू प्रयोग गरेर युद्धस्थितिको वास्तविक अनुकरण गरिएको थियो। कमाण्ड सेन्टर र फौजी इकाइहरूबीच सूचनाको तीव्र आदानप्रदानमार्फत 'सेन्सर-देखि-शूटर' प्रणाली सफलतापूर्वक परीक्षण गरियो।

Lieutenant General राकेश कपूरले अभ्यासको समिक्षा गर्नुभयो भने त्रिशक्ति कोर्प्सका कमाण्डर lieutenant General जुबिन ए. मिनवालाले यसले सेनाको भावी प्रविधि, रणनीति र आत्मनिर्भरतालाई बल दिने बताउनुभयो। यस अभ्यासलाई आत्मनिर्भर भारत र सेनाको दशकव्यापी रूपान्तरण लक्ष्यतर्फको महत्वपूर्ण पहल मानिएको छ।

**निर्वाण पार्क'**

पूर्व सिक्किमको सिङ्ताम नगर पञ्चायतका मानिसहरूलाई समर्पित गर्दै निर्माण गरिएको 'निर्वाण पार्क' को आज बिहान सिक्किम सरकारका मन्त्री एनबी दाहालले औपचारिक उद्घाटन गर्नुभयो। यो पार्क नगर पञ्चायतका अध्यक्ष सुरेश तामाङको पहलमा सिङ्ताम नगर पञ्चायतले निर्माण गरेको हो। 2023 मा टिस्टा नदीमा आएको विनाशकारी बाढले सिङ्ताम र आदर्श गाँउलाई जोड्ने ईन्द्रेणी पुल बगाएपछि उराठलाग्दो बनेको स्थानलाई सुन्दरीकरण गर्दै पार्क निर्माण गरिएको हो। पार्क निर्माणको उद्देश्य जनमानसमा परेको बाढीको मानसिक त्रास हटाउँदै एउटा सुरक्षित, स्वच्छ र सार्वजनिक विश्रामस्थल उपलब्ध गराउनु रहेको छ।

**मौसम विज्ञान विभाग द्वारा जानकारी गराए अनुसार आज गान्तोक वरपरको अधिकतम तापमान 21.1° सेलसीयस रेकर्ड गरियो भने न्युनतम तापमान 19.2° सेल्सियस रिकार्ड गरियो।**

**आकाशवाणी गान्तोकबाट सुन्दैहुनुहुन्थ्यो समाचार पुरा भयो**